ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स साप्ताहिक

JANATA TIMES WEEKLY

❑ वर्ष-१० ❑ अङ्क-२६, २०७५ कार्तिक १० गते, शनिबार Oct.27, 2018 Saturday) www.janatimes.com मुल्य रु. ५/- पृष्ठ संख्या ६




अंकुरित खाद्य पदार्थ खादाका फाइदा

## अज्ञात रोगबाट दुईको मृत्यु

फत्तेपुर / सप्तरीको कञ्चनरुप नगरपालिकामा भाइरल इन्फ्लुन्जाको संक्रमण न्यूनिकरण भएको एक महिना नबित्दै फेरी अज्ञातबाट दुई बालकको मृत्यु भएको छ।

कञ्चनरुप नगरपालिका वडा नम्बर ७ का ६ बर्षिया कृषजङ्ग कटुवालको गत मङ्गलवार र वडा नम्बर ५ का १३ बर्षिया कृष्ण सदाको बुधवार मृत्यु भएको हो। खाना खाएर सुतेको अवस्थामा ज्वरो आएर टाउको र छाती दुखेको केही समयमै बालक कटुवालको मृत्यु भएको नगर पालिकाका स्वास्थ्य समितिका संयोजक डम्बर गुप्ताले जानकारी दिनुभयो। वहाँका अनुसार अर्का बालक सदालाई शुरुमा ज्वरो आएको तथा रातीको समयमा टाउको तथा छाती दुखेको तथा केही मिनेटमै रगत छादेर मृत्यु भएको छ।

यस अघि गत भदौको अन्तिम सातातिर भाइरल ईन्फ्लुन्जा ९ ज्ञ ल्ज्ञ०बाट चार जनाको मृत्यु भएको थियो। वडा नम्वर ७ का हरिलाल साह, ७ का १४ वर्षिय दिवस बस्नेत, वडा नम्वर ३ का १४ वषिय किशोर राम र वडा नम्वर ९ का १४ वर्षिय आमोदकुमार रामको मृत्यु स्वाइनफ्लुबाट मृत्यु भएको थियो।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सबिन राज ढकालले उक्त विषयमा प्रदेश २ का समाजिक विकास मन्त्रालय, महामारी तथा सरुवा रोग नियन्त्रण महाशाखा टेकु र जिल्ला जनस्वास्थ्य कार्यालयलाई मृत्यु भएको बच्चाहरुको विषयमा आवश्यक अनुसन्धान गरी थप मृत्यु हुन नदिन आवश्यक प्रबन्ध मिलाउन आग्रह गरेका छन्।





## बेलका नगरपालिकाले प्याराग्लाइडिङ स्कुल संचालन गर्ने

**सदर कोईराला**

रामपुर / प्रदेश नं. १ मा पहिलो व्यावसायिक प्याराग्लाइडिङ स्कूल संचालन गरिने तयारी भएको छ। त्यसका लागि सुनसरीको सिमानामा पर्ने उदयपुरको बेलका नगरपालिका स्थित मैनामैनी बोप्ताङ डाँडालाई छनौट गरिएको छ।

बेलका नगरपालिका ८ स्थित वोप्ताङ डाँडाबाट साहसिक खेल पर्यटनअर्न्तगत प्याराग्लाइडिङ स्कुल सञ्चालनको तयारी भएको बेलका नगरपालिकाका मेयर दुर्गाकुमार थापाले जानकारी दिए। पूर्वमा पछिलो पटक प्याराग्लाइडिङको व्यावसायिक उडान धरानमा दुई निजी व्यावसायिक संस्थाले गरेका थिए। भेडेटार र चिण्डेडाँडाबाट उडान गरिएको थियो। पाईलटको अभावमा यहाँबाट नियमित उडान हुन सकेको छैन्।

यही पाईलट अभावलाई टार्न पाइलट उत्पादन गर्ने प्रशिक्षण केन्द्र(स्कुल) सञ्चालन भने बेलका नगरपालिकाको बोप्ताङ डाँडाबाट कोशी किनार उपयुक्त भएको प्राविधिक टोलीले ठहराए पछि स्कूल संचालन गर्न लागिएको मेयर थापाले बताए। बेलका नगरपालिका र नेपाल प्याराग्लाइडिङ एण्ड ह्याण्डग्लाइडिङ एशोसिएशन( नेफा)को सहकार्यमा स्कुल सञ्चालन गर्न लागिउको हो। अहिले उक्त स्थानबाट नियमित उडान पनि भईरहेको छ। स्कुलको लागि धरानको बुढासुब्बा प्याराग्लाइडिङ प्रालि धरानले प्राविधिक सहयोग गरेको छ।

आउदो नोभेम्बर पहिलो साताबाट औपचारिक स्कुल शुरुवात हुने प्रालिका अध्यक्ष लेखमणी जिमीले जानकारी दिए।

बेलकामा वोप्ताङ डाँडामा टेकअफ तयारी गरिएको छ। त्यहाँ करिव १० कठ्ठा जग्गा बुढा सुब्वा प्रालिले नै खरिद गरेको छ। त्यहाँबाट उतरमा करिव कोशी किनारको करिब २५ बिघा खाली जमिन ल्याण्डङको लागि नगरपालिका र स्थानीय वन समुहले उपलब्ध गराएको छ। यहाँ सोलो पाइलटको लागि कोर्ष संचालन हुने बताइएको छ। स्याङ्जाको शिरकोटमा मात्र प्याराग्लाइडिङको स्कुल सञ्चानलमा छ। यो नेपालको पहिलो स्कुल बताइएको छ। यस्तै पोखराको साराङकोटमा पनि छ। यहाँ संचालन हुन लागेको तेश्रो स्कुल हो। बुडासुब्वा प्रालिले सम्भाव्यता अध्ययनको रिपोर्ट तयार गरि नेपाल उड्यान प्राधिकरणलाई दिई मन्त्रालयले गत भदौमा स्कुल संचालनका लागि स्वीकृति दिएको मेयर थापाले बताए। पुन प्राधिकरण र सेफ्टी विभागबाट सम्भाव्यता र एरोनेटिक अवस्थाबारे विज्ञ टोलीले जाँचबुझ गरे पछि स्कुल संचालनमा आउने छ।

**पाईलट अभाव**

नेपालमा २ सय पाइलट भए पनि सबै पोखरामा केन्द्रित छन्। स्काई एडभेन्चर प्रालि धरानका संचालक रोशन अधिकारीले एक जना पाईलट भने राखेका छन्। तर एक जनाले चाप थाम्न नसेकेको उनको भनाई छ। एउटा फ्लाईट गरेको पाईलटले ३५ सय लिने गरेका छन्। मासिक तलव दिएर धेरै पाईलट राख्न असम्भव भएकाले स्थानीय पाईलट भए, जुन बेला पनि उपयोग गर्न सकिने उनको भनाई छ।

पूर्वमा सोलो(सिङगल) उडान गराउनका लागि ६ जनासँग लाईसेन्स छ। धरानका राजेश लिम्बु,रोशन अधिकारी, लेखराज जीमि,

बाँकी अन्तिम पृष्ठमा

हार्दिक मंगलमय शुभकामना





बडा दशै, तिहार तथा छैठ-२०७५को पुनित अवसमा सुख् शान्ति, सम्वृद्धि र उत्तरोउत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ।

पिताम्बर बराल (व्यावस्थापक)अशोक चौधरी (अध्यक्ष) एंव मनकामना बहुमुखी सहकारी सस्था लि.सप्तकोसी नपा फत्तेपुर परिवार

अव धरान विराटनगर धाउनु पर्दैन

यदि तपाईंलाई दातको कुनै पनि समस्या भएमा सदैब हामीलाई सम्झनुहोस। हामी तपाईंको सेवामा तत्पर छौं।

हाम्रा सेवाहरु

दात सफा गर्ने, दातमा सिमेन्ट भर्ने, दातमा आर.सि.टि.गर्ने, नयाँ दात लगाउने, नमिलेको दात मिलाउने, दात फुकाल्ने, गिजा सुनिने, दातबाट रगत आउने, मुख गनाउने मुख भित्रका घाउ खटिराहरूजस्ता सम्पुर्ण समस्याको उपचार घोपा क्याम्प धरानका डाक्टरहरुद्वारा गरिनुका साथै दातको एक्स-रे साथै सल्यक्रियासमेत गरिन्छ।

प्रो.पपुलर चौधरी

सप्तकोशी डेन्टल क्लिनिक

सप्तकोसी नगरपालिका १ फत्तेपुर बजार लाइन

सम्पर्क: ९८४९१५१५८३ र ९८१७३०९४४७



publicnews8@gmail.com/ 9852047779/9852065409

LOG ON... www.janatimes.com

लोकप्रिय डिजिटल मिडिया jt janatimes

विचार, मनोरञ्जन, स्वास्थ्य, राजनीति, समाजबारे छिनछिनमा समाचार

**बेलका. . .**

शालिग्राम खड्का र राम राईसँग लाईसेन्स छ। तर उनीहरुलाई टेन्डम(डव्वल) उडानका लागि अनुमति र अनुभव छैन। पूर्वमा पनि विद्यालय भए पाईलट उत्पादन गरि बढि भन्दा बढि उडान गर्न सकिने बताइएको छ।

मेयर थापाका अनुसार नगरपालिकाले बराहक्षेत्र नगरपालिकसँग सहकार्य गरेर बराहक्षेत्र(मैनामैनी केवलकार संचालन गर्न काम थालेको छ। केवलकारमा चढेर मैनामैनी स्थित वोप्ताङ डाँडाबाट पाराग्लाईडिङको मज्जा लिदै कोशी निकारमा ल्याण्ड हुने छन्। त्यहाँ ल्याण्ड भएर जेट बोट चढि चतरा, कोशी व्यारेज पुगेर आफ्नो गन्तव्यमा पुग्ने गरि काम थालनी गरेको मेयर थापाले बताए। 'आगामी ५ बर्षभित्र सबै योजनाहरु सम्पन्न भईसक्ने छन्।'-मेयर थापाले भने।

अघिल्लो बर्ष नै स्कुल संचालनका लागि संभाव्यता अध्ययनका लागि भनेर खेलकुद परिषदले ९ लाख बजेट छुट्याएको थियो। तर उक्त बजेट आफुहरुलाई थाहा नभएको जिमीले बताए। आफुहरुले व्यक्तिगत लगानीमा पूर्वाधार निर्माण गरेको उनले बताए।


**लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हादा यस्ता पदार्थ देखि टाढा रहौं।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

हार्दिक मंगलमय शुभकामना



बडा दशै, तिहार तथा छैठ-२०७५को पुनित अवसमा सुख् शान्ति, सम्वृद्धि र उत्तरोउत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ।

शम्भु खड्का (अध्यक्ष) दिपक कार्की (व्यबस्थापक) एंव त्रियुगा सहकारी संस्था लि सप्तकोशी १ फत्तेपुर परिवार

हार्दिक मंगलमय शुभकामना



बडा दशै, तिहार तथा छैठ-२०७५को पुनित अवसमा सुख् शान्ति, सम्वृद्धि र उत्तरोउत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ।

शान्ता दहाल (व्यावस्थापक)रमिला राई(अध्यक्ष)एंव बिपन्न उत्थान महिला कृषि सहकारी सस्था लि.सप्तकोसी नपा.१ फत्तेपुर परिवार

हार्दिक मंगलमय शुभकामना



बडा दशै, तिहार तथा छैठ-२०७५को पुनित अवसमा सुख् शान्ति, सम्वृद्धि र उत्तरोउत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ।

प्रो. दुखो प्रसाद यादव (दुखी( एबम गौरब टायर रिप्यारिङ सेन्टर सप्तकोसी नपा फत्तेपुर परिवार


## सप्तकोशी नगरपालिकाको अनुरोध

- सप्तकोशी नगरलाई शिक्षा ,स्वास्थ्य ,पर्यटन तथा व्यापारिक केन्द्रको रुपमा विकास गर्न आ–आफनो क्षेत्रवाट लागि परौ।
- शहरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ।
- आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ।
- शहरलाई प्लाष्टीक र प्रदुषणयुक्त वनाउन प्लाष्टीकको झोला प्रयोग नगरौ। कपडा तथा कागजका झोलाहरु वढीमात्रामा प्र्योग गरौ।
- समूहमा मिलेर घरेलु फोहर तलगाउन चाहनुहुन्छ भने नगरपालिकामा सम्पर्क राखौ।
- नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ।
- नगरक्षेत्रमा कुनै पनि भौतिक निर्माण कार्य गर्दा नगरपालिकासँग अनुमति लिएर मात्र गर्ने गरौ।
- आफना चौपायहरु जथाभावी छाडा नछाडौ।
- सडक वत्ति समयमा वाल्ने र निभाउने गरौ।
- अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ।
- सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं।
- सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं।

**सप्तकोशी नगरपालिकाको कार्यालय,**
**२ नं. प्रदेश, सप्तरी**


# २४सै घण्टा तपाईहरुको सेवामा

**हाम्रा सेवाहरु:**

छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन
डा.अनिता बर्मा, जनरल फिजिसियन
डा. सत्यम घिमिरे (छला तथा यौन रोग सम्बन्धि) –प्रत्येक महिनाको
डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) –प्रत्येक महिनाको ४ गते
डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६
डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)
डा. बद्रीप्रसाद भट्टराई . डा. समन

**स्पोर्ट सेवाहरु:**

इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा। साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार




एम्बुलेन्स सम्पर्कः ९८४२४०४८०४,

*नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन)जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा*

# माता मनकामना पोलिकिलनिक



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२, ८०८०८०२८९, ९८०७७७१७००


**प्रमुख सल्लाहकार:** डा.महेन्द्र विष्ट, **सल्लाहकार:** प्रकास खतिवडा, **सम्पादक/ प्रकाशक** देवेन्द्र कार्की(९८४२१२५२७९), **प्रधान सम्पादक** विश्वराम कार्की, **प्रवन्ध सम्पादक** खगेन्द्र कार्की (९८४२०९२१०७), **समाचार सम्पादक** शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, *काठमाण्डौ प्रतिनिधि: मिलन केसी, सुनसरी प्रतिनिधि: कृष्ण कार्की, बेलटार शाखा प्रमुख: शंकर केशी, रामपुर प्रतिनिधि: सरद कोईराला, कञ्चनपुर प्रतिनिधि: राजकुमार पासवान* **कार्यालय ठेगाना: सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७५३२०२, धरान सम्पर्क: ९८०३८१६७२१** Email:,publicnews8@gmail .com, Web site: www .janatimes .com, **मुद्रण:** शिवज्ञान अफसेट प्रेस, सप्तकोशी नपा -१, सप्तरी, ०३१-५५०२११

जनता टाइम्स् साप्ताहिक
JANATA TIMES WEEKLY

सम्पादकीय....................

# सहरमा क्षयरोग समस्या

एउटा विश्वप्रसिद्ध जर्नलमा हालै प्रकाशित अध्ययनको रिपोर्टअनुसार क्षयरोग (टिबी) को संक्रमण गाउँ अथवा दुर्गमबाट सहरतिर सरूवा हुँदै गरेको देखिन्छ । गरिखाने उमेर समूह अर्थात २५ देखि ५५ वर्षका त्यसमा पनि युवा, बढी शारीरिक परिश्रम गर्नेहरू तथा व्यापार-व्यवसाय गर्नेहरूमा क्षयरोगको संक्रमण बढी भएको रिपोर्टमा देखाइएको छ । सहरमा रोजगारीको बढी सम्भावना, राम्रा तथा गुणस्तरीय शैक्षिक संस्थाहरू, औषधि-उपचारको राम्रो व्यवस्था, व्यापार-व्यवसायको सम्भावना, उद्योग तथा कलकारखाना, साथसाथै राजनीतिक र प्रशासनिक केन्द्र पनि भएकोले मानिसहरू हरेक दिन गाउँबाट सहरतिर बसाइँ सर्ने गरेको अध्ययनमा देखिन्छ।

जनसंख्या वृद्धिले त्यस ठाउँमा सामाजिक, आर्थिक, वातावरणीय प्रभाव पार्नुका साथै बेरोजगारी सिर्जना हुन्छ भने आम्दानी तथा सामाजिक सुरक्षामा असर गर्छ । जसले गर्दा मानिसको दैनिक जीवनका साथसाथै व्यक्तिगत स्वास्थ्यलाई समेत प्रत्यक्ष असर गर्दछ । प्रशासनिक तथा सामाजिक-आर्थिक विकासमा खलबली पैदा गर्छ, जसको फलस्वरुप समाजमा बढ्ने भिडभाडले वातावरणीय सरसफाइ, स्वस्थ बसोबास, फोहोर बिसर्जनमा समस्या पैदा गर्छ । अर्कोतिर सरूवा रोग फैलाउन मद्धत गर्छ । जसले गर्दा देशमा छिट्टै रोग फैलन सघाउ पुर्र्‍याउँछ। टिबी एक किसिमको जीवाणुका कारण हुने सरूवा रोग हो । यो स्वासप्रस्वासको माध्यमबाट सर्छ । यो रोगबाट गएको वर्ष २०१७ मा विश्वभरिमा १६ लाखभन्दा बढी मानिसको मृत्यु भएको रिपोर्ट विश्व स्वास्थ्य संगठनले सार्वजनिक गरेको छ । टिबी मानिसको मृत्यु हुने प्रमुख १० वटा रोगमध्ये पर्दछ, जुन अहिले पनि विश्वव्यापी जनस्वास्थ्य समस्याको रूपमा रहेको छ।

नेपालमा पनि वर्षेनि यो रोगबाट ५ देखि ७ हजार मानिसको मृत्यु भइरहेको तथा अझै पनि दस हजार भन्दा बढी रोगी पहिचान गर्न छुटिरहेको तथ्यांकले देखाउँछ । त्यसैले अझै पनि टिबी नेपालको प्रमुख स्वास्थ्य समस्याको रूपमा रहेको छ । नेपालमा यो रोगबाट धेरै संक्रमित हुने क्षेत्र तराई तथा धेरैभन्दा धेरै गाउँबाट बसाइँसराइ भएका सहरी जिल्लाहरू रहेको आँकडाले देखाउँछ । त्यस्तै बढ्दो सहरीकरण र बसाइँसराइले गर्दा हुने सामाजिक-आर्थिक परिवर्तनले पनि क्षयरोग सार्न मद्दत गरेको छ । ठूला सहरमा आन्तरिक बसाइँसराइले पनि क्षयरोगको संक्रमण बढाउन महत्वपूर्ण भूमिका खेल्छ भन्ने कुरा अध्ययनले देखाइसकेको छ । त्यसैले क्षयरोग रोगथाम गर्नका लागि सहरलाई ठूलो चुनौती बनेको छ। नियन्त्रणका लागि प्रभावकारी कदम चाल्न जरूरी छ ।

## ☎ जरुरी टेलिफोन ☎

⇩सप्तरी

| | |
|---|---|
| जिल्ला प्रसासन कार्यालय, सप्तरी | ०३१-५२०६२४ |
| क्षेत्रीय प्रहरी कार्यालय, | ५२००४५, |
| जिल्ला प्रहरी कार्यालय, | ५२००५५ |
| प्रहरी चौकी, फत्तेपुर, | ५५०१०० |
| सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर, | ९७४३०२३०२१ |
| नेपाल रेडक्रस सोसाईटी, | ५२०२५८ |
| जिल्ला जनस्वास्थ्य कार्यालय, | ५२१६०६ |
| प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर, | ५६०००५ |
| उपस्वास्थ्य चौकी, सप्तकोशी नपा, | ५५०१६९ |
| एम्वुलेन्स सेवा, सप्तकोशी नपा | ५५०१६९ |
| सप्तकोशी नगरपालिका, फत्तेपुर, | ५५००१९ |
| ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर, | ५५०११२ |
| टेलिकम शाखा फत्तेपुर, | ५५००६६ |

# कृषि र उद्योग प्रदेश २ को आर्थिक स्रोत

रामसुकुल मण्डल




प्रदेश नम्बर २ सप्तरीदेखि पर्सासम्म ८ जिल्लामा फैलिएको छ । यस प्रदेशको आर्थिक स्रोत भनेकै कृषि र उद्योग हो । तर प्रदेशको यो आर्थिक स्रोतको समूचित विकास हुन सकेको छैन ।

प्रदेश २ को विकासका निम्ति सबैभन्दा ठूलो सम्भावना भएको कृषिलाई आधार बनाउन सके यो प्रदेशले चाँडै विकासको फड्को मार्न सक्छ । भारतका पञ्जाब र हरियाणाजस्ता राज्यको मोडलमा यहाँको कृषिलाई विकसित गर्न सकियो भने यो प्रदेश देशकै अन्न भण्डार बन्न सक्छ । तर, सिँचाइ अभाव, प्राविधिक ज्ञान र सीपको कमीलगायत समस्याले हाल यस प्रदेशभित्रका अधिकांश खेतीयोग्य जग्गा अनुत्पादक बन्दै गएको छ ।

विगत डेढ दशकको अवस्थालाई विश्लेषण गरेर हेर्ने हो भने प्रदेश नं २ अन्तर्गतका सबै जिल्ला उच्च समृद्धि स्तर भएका जिल्लाको श्रेणीमा पर्दथे । तर पछिल्लो समयमा यो प्रदेशअन्तर्गतका आठ जिल्लामध्ये तीन जिल्ला मध्यम समृद्धि स्तर र तीन जिल्ला न्यून समृद्धि स्तर भएका जिल्लाको श्रेणीमा परेका छन् । महोत्तरी र सर्लाही मात्र उच्च समृद्धि स्तर भएका जिल्लाको श्रेणीमा छ ।

यसो हुनुका प्रमुख कारण राजनीतिक नेतृत्वले आम नागरिकको सामाजिक न्याय र समतामूलक समाज सहितको समृद्धिको चाहनालाई सुनिश्चित गर्न नसक्नु र भ्रष्टाचार र अनियमितता मौलाउनु रहेको छ ।

गत पुसमा राष्ट्रिय योजना आयोगले सार्वजनिक गरेको नेपाल बहुआयामिक गरिबी सूचकांक, २०७४ अनुसार प्रदेश २ को ५० प्रतिशत जनसंख्या अझै बहुआयामिक रूपमा गरिब छन् । उनीहरूको जीवन धेरै प्रकारका वञ्चितीकरणबाट प्रभावित भइरहेको छ । सो सूचकांकले राष्ट्रिय रूपमा भने २८ दशमलब ६ प्रतिशत नेपालीलाई बहुआयामिक रूपमा गरिब देखाएको छ ।

प्रतिव्यक्ति वार्षिक आय, वयस्क साक्षरता दर, मानव विकास सूचकांकलगायत क्षेत्रमा पनि प्रदेश २ को अवस्था दयनीय नै देखिएको छ । मानव विकास सूचकांकतर्फ राष्ट्रिय औषत शून्य दशमलव ४९० को तुलनामा प्रदेश २ का ८ जिल्लामध्ये पर्सा सबैभन्दा बढी (०.४६४) र रौतहट सबैभन्दा कम (०.३८६) छन् ।

राष्ट्रिय योजना आयोग र केन्द्रीय तथ्यांक विभागका अनुसार हाल नेपालको औषत वयस्क साक्षरता दर ५९ दशमलव ५७ प्रतिशत छ । प्रदेश २ का ८ जिल्लामध्ये सबैभन्दा बढी वयस्क साक्षरता दर पर्सा (४८.६९) मा छ भने सबैभन्दा कम रौतहट (३३.८९) मा छ । त्यस्तै सो प्रतिवेदनले वार्षिक प्रतिव्यक्ति आम्दानीतर्फ पनि राष्ट्रिय औषतको तुलनामा प्रदेश २ का २ जिल्ला बारा र पर्साबाहेक अन्यको अवस्था दयनीय नै देखाएको छ ।

बर्सेनि प्राकृतिक विपत्को मार पनि सबैभन्दा बढी प्रदेश २ अन्तर्गतका जिल्लाले बेहोर्दै आएका छन् । चुरेको तल्लो छेउमा भएका कारण खासगरी वर्षायाममा बाढीले यस भेगका जिल्ला डुबानमा पर्दै आएका छन् । बाढीले बर्सेन कृषिलगायत क्षेत्रमा करौडों रूपैयाँबराबरको क्षति पुऱ्याउँदै आएको छ । चुरे क्षेत्र दिन प्रतिदिन नांगिदै गएको छ । त्यसको प्रतिकूल असर झेल्ने पहिलो क्षेत्र प्रदेश २ नै हो ।

जनजीविका उकास्ने खालका मुद्दातर्फ अब प्रदेशले चाँडै ध्यान दिनुपर्छ । किनभने संघीयताको मूल मर्म भनेकै मुलुकको समग्र विकास गर्नु हो । पछाडि परेको क्षेत्र, वर्ग, समुदाय सबैलाई विकासको मूलधारमा ल्याउन सक्नु हो ।

राजनीति व्यक्तिगत र दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय स्वार्थ हासिल गर्ने सशक्त माध्यम हुन नसक्नाका कारण नै यो प्रदेशको आर्थिक विकास र समृद्धि झन् ओरालो लाग्दै गएको हो । राजनीतिको सम्वन्ध जनताको जीवनस्तर, आर्थिक उन्नति र प्रगतिसँग नरहेकाले नै प्रदेश २ को आर्थिक विकास र समृद्धि ओरालो लाग्दो अवस्थामा पुगेको निष्कर्ष निकाल्न सकिन्छ ।

केन्द्रीय तथ्याँक विभागका अनुसार २१ प्रतिशतभन्दा कम गरिबीको दर भएका जिल्ला उच्च समृद्धि स्तर भएका जिल्लाको श्रेणीमा पर्दछन् भने ३१ प्रतिशतभन्दा बढी गरिबीको दर भएका जिल्ला न्यून समृद्धिस्तर भएका जिल्लामा पर्दछन् । यसअनुसार, सप्तरी ३९.५, सिरहा ३४.६, धनुषा २३.१, महोत्तरी १६.२, सर्लाही १७.७, रौतहट ३३.४, बारा २९.९ र पर्सा २९.२ प्रतिशत गरिबीको दर भएको जिल्लामा पर्दछन् । विभागको नेपालमा गरिबीको लघु क्षेत्र अनुमान प्रतिवेदनले राजनीतिले मात्र मुलुकको आर्थिक तथा सामाजिक विकासलाई डोऱ्याउन नसक्ने देखाएको छ । सो प्रतिवेदनले २०५८ सालमा तराईका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा उच्च समृद्धि स्तर भएको जिल्लामा परेको देखाएको छ । तर विकेन्द्रीकृत शासन प्रणालीको अवधारणालाई प्रभावकारी रूपमा व्यवहारमा लागू गर्न नसक्नु र कुनै विशेष जातिको मात्र राज्य संयन्त्रमा बढी वर्चस्व रहनु र राज्यको स्रोतमा पनि उनीहरूकै हालीमुहाली कायम रहनाले विस्तारै यी जिल्ला मध्यम र न्यून समृद्धि स्तर भएका जिल्लाको श्रेणीमा पर्न गएको हो ।

यसका साथै राज्यबाट सामाजिक, आर्थिक र राजनीतिक रूपमा भएको विभेद तथा सामाजिक न्याय र समतामूलक समावेशी आर्थिक विकासका लागि भएको लामो मधेश आन्दोलनका कारण पनि यो प्रदेशमा गरिबी र बेरोजगारी दर बढाएको छ । झण्डै ६ महिनाको निरन्तर मधेश बन्द र पाँच महिनाको नाका अवरोधका कारण यो प्रदेशमा गरिबीको संख्यामा अझ वृद्धि भएको हुनसक्ने अनुमान गरिएको छ ।

यसका साथै तत्कालीन अवस्थामा माओवादी र मधेशमा आन्दोलनरत सशस्त्र समूहले चन्दा आंतक सृजना गरेपछि स्थानीय धनाढ्य त्यहाँबाट विस्थापित हुन बाध्य भए । चन्दा आतंक एवम् सम्पत्तिको सुरक्षा नहुनुजस्ता कारणले स्थानीय व्यापारी र धनाढ्य वर्ग नजिकको बजारतिर सरेर व्यापार व्यवसाय गर्न थाले । यसबाट मधेशका बजार विस्तारै संकुचित हुँदै गए, सम्पन्न एवम् मध्यमवर्गको बसाइँसराइले औसत समाज झन् गरिब हुँदै गयो । र अनततः मधेशका जनताको जीवनस्तर बढ्नुको साटो झन् ओरालो लाग्न थाल्यो ।

राजनीतिक अस्थिरता र सुरक्षाको कमीले बजार सर्नु र आर्थिक गतिविधि घट्दै जानुको असर समग्र मधेशमै परेको देखिन्छ । डेढ दशकयता उच्च समृद्धि स्तर भएका जिल्लाबाट सिरहा र रौतहट न्यून समृद्धिस्तर तथा धनुषा मध्यम समृद्धिस्तर भएका जिल्लाको श्रेणीमा झरेको छ ।

प्रदेश नं २ अन्तर्गतका जिल्लाको मानव विकास सूचकाँकसमेत गिर्दो अवस्थामा रहेका छन् । यस्तो अवस्थामा देखिएको राजनीतिक अस्थिरताले त झन् २ नं प्रदेशको अर्थतन्त्रको अवस्था संकटग्रस्त हुने प्रायः निश्चित छ ।

किनभने आर्थिक रूपान्तरणको अनुभूति गराउन नसक्नु र जनताको जीवनस्तर बढाउन नसक्नुमा आर्थिक मुद्दामा राजनीतिक दलले आँखा चिम्लने प्रवृत्ति नै बढी जिम्मेवार देखिन्छ । राजनीतिक र आर्थिक मुद्दासँगै जानुपर्नेमा राजनीतिक दल विकासभन्दा राजनीतिमा नै बढी केन्द्रित भएकाले पनि जनताको जीवनस्तर बढन नसकेकै हो । हुन त नेपाललाई अतिकम विकसित मुलुकबाट सन् २०२२ सम्ममा विकासशील मुलुकको सूचीमा स्तरोन्नति गर्ने लक्ष्य सरकारको छ । तर झण्डै एक चौथाइ जनता गरिबीको रेखामुनि बसोबास गरिरहेको, पूर्वाधार विकास अत्यन्त न्यून रहेको, मुलुकको समग्र कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को आकार सानो रहेको र त्यसमा पनि आर्थिक वृद्धि दर अत्यन्त कमजोर रहेको अवस्थामा सरकारले लिएको सो लक्ष्य अत्यन्त महत्वाकांक्षी रहेको बुझाइ धेरैको छ । उक्त लक्ष्य पूरा गर्नका लागि भए पनि प्रदेश २ को आर्थिक विकास र समृद्धि गर्नुपर्ने आवश्यक छ । यसका लागि गरिब, विपन्न र आर्थिक तथा सामाजिक रूपमा पिछडिएका वर्ग एवं समुदायलाई राष्ट्रिय विकासको मूल प्रवाहमा ल्याई उनीहरूलाई राज्यको उत्पादनशील स्रोतसाधन माथि पहुँच पुऱ्याउन जरूरी देखिएको छ । (मधेश दर्पण फिचर सेवा)

# डेंगु भाइरस कसरी पहिचान गर्ने

**डा. शेरबहादुर पुन**

हालै इपीडेमिओलोजी तथा रोग नियन्त्रण महाशाखाले काठमाडौंमा डेंगु देखिएको सार्वजनिक गरेको छ। पहिलो पटक २७ असोजमा बनस्थली बस्ने एक ३६ वर्षीय युवक डेंगुसँग मिल्दाजुल्दा लक्षण लिएर परामर्श तथा उपचारका लागि आइपुगेका थिए।

प्रयोगशाला परीक्षणबाट उनलाई डेंगु भएको प्रमाणित पनि भयो। मिल्दाजुल्दा लक्षण अरु सहकर्मीमा पनि भएको सो संक्रमित व्यक्तिले बताएपछि डेंगुले प्रकोपको रुप लिएको हुनसक्ने अनुमान गरिएको छ। यद्यपि यसबारेमा सम्बन्धित निकायले द्रूत गतिमा अनुसन्धान जारी भने राखेका छन्।

काठमाडौंमा डेंगु फैलाउने लामखुट्टे प्रशस्त मात्रामा भएको एपिडेमिओलोजी तथा रोग नियन्त्रण महाशाखाले केही वर्ष अगाडि नै गरेको सर्वेले देखाएकोले ज्वरो आएपछि डेंगु भाइरस संक्रमण भएरनभएको समयमा नै पहिचान गर्नुपर्ने बेला आएको छ।

**डेंगु शंका कस्तो अवस्थामा गर्ने?**

डेंगु फैलन भेक्टर अनिवार्य चाहिन्छ। डेंगुको भेक्टर मुख्यतया एडिस जातको लामखुट्टे एडिस इजिपटाई वा एडिस एल्बोपिकटसु हुन यी लामखुट्टे सक्रिय हुने खासगरी मनसुनपछिको समय कात्तिक र मंसिर महिनामा हो।

मानिसहरु डेंगु देखिइरह्ने ठाउँहरुमा आवतजावत गरिरहेका पनि हुन सक्दछन ज्वरो आउने, आखाको गेडी दुख्ने, जोनी दुख्ने, शरीरमा स( साना बिबिरा देखिने, आखा रातो हुने, वाकवाक लाग्ने जस्ता लक्षणहरु डेंगु संक्रमणमा देखिने गर्दछन्।

माथि उल्लेखित समय, परिस्थिति र लक्षणको समिश्रण भए डेंगु हुनेरफैलने सम्भावना प्रबल हुने गर्दछ। र हाल काठमाडौंमा यी सबै अवस्थाको समिश्रण भएको देखिन्छ।

**निश्चित निदान र प्रयोगशाला नतिजाको विश्लेषण कसरी गर्ने?**

प्रयोगशाला परीक्षण पोजिटिभ देखिए मात्र डेंगु निश्चित भएको मानिन्छ तर यसको नतिजा विश्लेषण गर्नमा कहिलेकाहीं स्वस्थाकमीहरु पनि चुकेका देखिन्छन। खासगरी डेंगु आइजिजी देखिए पुरानो संक्रमण देखाएको भनेर विश्लेषण गर्ने गरेको देखिन्छ, जुन गलत हो।

हुनत, धेरै चिकित्सकहरुले डेंगु आइजिएम र आइजिजीका नतिजाहरुलाई त्यति नजिकबाट हेरेको पाइँदैन वा यसैको आधारमा बिरामी कति जटिल अवस्थामा जान सक्छ भनेर अनुमान गरी सोअनुसार उपचारमा विशेष चासो दिएको पाइँदैन।

जस्तै माथि उल्लेख गरेजस्तो डेंगु आइजिजी कुनै पुरानो संक्रमण नभई दोस्रो पटक फेरि संक्रमित भएको भनेर बुझ्नु पर्दछ, जसलाई रिसेन्ट सकेन्डरी इन्फेक्सनु भन्ने गरिन्छ। र यो प्रथम संक्रमण रिसेन्ट प्राइमेरी इन्फेक्सनु भन्दा खतरनाक हुने गर्दछ। डेंगु आइजिएम मात्र पोजिटिभ देखिए रिसेन्ट प्राइमेरी इन्फेक्सनु भन्ने गरिन्छ। दुवै डेंगु आइजिएम र आइजिजी देखिए रिसेन्ट सकेन्डरी इन्फेक्सनु भनेर बुझ्नु पर्दछ।

**डेंगु सेरोटाइप किन आवश्यक?**

डेंगु सेरोटाइप नियमितर आधारभूत जाँचअन्तर्गत परीक्षण गर्ने गरिँदैन तर यसले डेंगु संक्रमित बिरामी कति जटिल अवस्थामा जान सक्छ भनेर पूर्वअनुमान गर्न भने महत्वपूर्ण भूमिका खेल्ने गर्दछ।

हाल डेंगुका चार प्रकारका सेरोटाइप छन् जसलाई १, २, ३ र ४ गरेर वर्गीकरण गरिएको छ। जस्तै यदि पहिले डेंगु सेरोटाइप १ ले संक्रमण गरेको थियो र अहिले सेरोटाइप १ बाहेकको अरु कुनै तीन मध्यको सेरोटाइपले दोस्रो पटक रिसेन्ट सकेनडरी इन्फेक्सनु गरेको भए त्यो संक्रमित बिरामी जटिल अवस्थामा जान सक्ने सम्भावना अत्यधिक हुने गर्दछ।

यसकारण पनि डेंगु सेरोटाइप जानकारी हुन् अति आवश्यक हुन्छ तर नेपालमा ९अनुसन्धानको लागि बाहेक० हरेक वर्ष डेंगुको सेरोटाइप पहिचान गरेर सार्वजनिक गर्ने गरेको पाइँदैन।

कुन बेला डेंगु जटिल अवस्थामा (warning signs ) भएको अनुमान गर्न सकिन्छ ?

विश्व स्वास्थ संगठनले केही लक्षणरचिन्हहरु देखिएमा त्यो जटिल अवस्थाको डेंगु हुनसक्ने भनेको छ। डेंगु पहिचान भइसकेको अवस्थामा, पेट असाध्य दुख्नु, तारन्तार बान्ता हुने, शिथिल हुने, पेटमा पानी जम्नु, मुखबाट रगत बगेमा, कलेजो बढ्नु र त्यस्तै रगतमा प्लेटेलेट्सको मात्र घट्नुरहेमाटोकृत बढेमा डेंगु जटिलटातिर गएको अनुमान गर्न सकिन्छ। र धेरै कडा भएमा बिरामी बिहोस हुनसक्दछ जसलाई डेंगु सक सिन्ड्रोमु भनिन्छ।

नेपालमा वर्षेनि डेंगु देखिने गरेको पाइन्छ भने डेंगुको चारै सेरोटाइप पनि देखिइसकेका छन। यस्तो अवस्थामा डेंगु संक्रमितहरुमा वर्षेनि डेंगु जोखिमका चिन्ह देखिंदैजाने सम्भावनाहरु पनि वर्षेनि बढ्दै जान सक्नेछ।

# अंकुरित खाद्य पदार्थ खादाका फाइदा

डा रविनलाल श्रेष्ठ

प्राकृतिक चिकित्सा एक यस्तो चिकित्सा विज्ञान हो, जसमा कुनै पनि औषधिको प्रयोगबिना रोगको उपचार गरिन्छ।

यसमा आहारलाई नै औषधिको रुपमा प्रयोग गरिन्छ र अंकुरित खाद्य पदार्थलाई विशेष जोड दिइन्छ। यस्ता खाद्यलाई अमृत भोजनको संज्ञा पनि दिन सकिन्छ।

अंकुरित खाद्य भनेको अनाज, गेडागुडी वा तरकारीका बिउहरूलाई पानीमा निश्चित समयसम्म भिजाएर उमारिएको खाद्यपदार्थ हो।

उमार्दा अनाज, गेडागुडी वा तरकारीका बिउमा पाइने जटिल संरचना भएको पौष्टिक तत्वहरू सरल संरचनामा परिवर्तन हुन्छन् र नयाँ खनिज, भिटामिन तत्वहरु उत्पन्न हुन्छन् र सुपाच्य बन्छन।

यसलाई खाजा तथा नास्ताको रूपमा दिनहुं काँचै खान सकिन्छ। काँचै खाँदा असर गर्छ भने हल्का बफाएर खान सकिन्छ तर काँचै खाँदा यसबाट अधिक मात्रामा पौष्टिक तत्व प्राप्त गर्न सकिन्छ।

**अंकुरित खाद्यका फाइदाहरू**

- यस्ता खाद्य पदार्थमा कार्बोहाइड्रेट, ग्लुकोज, फ्रुक्टोज, माल्टोज आदिमा र प्रोटिन अमिनो एसिडहरूमा परिवर्तन हुन्छन् भने खनिज तत्व र भिटामिनको मात्रा र गुणस्तरमा वृद्धि हन्छ। उमार्दा खाद्य पदार्थमा हुनसक्ने अखाद्य तत्व पनि नष्ट हुन्छन्। यी परिवर्तनले गर्दा पौष्टिक तत्वहरू सुपाच्य हुन्छन् र शरीरले सजिलै प्रयोग गर्न सक्छ।
- अंकुरित खाद्य पदार्थमा भिटामिन ए, बि, सी र के को मात्रामा वृद्धि हुन्छ।
- उमार्दा लाइसिन नामक अमिनो एसिड बन्छ जसले क्याल्सियमको शोषणमा मद्दत गर्दछ, मांसपेशीको प्रोटिन बनाउँछ, घाउहरू चाँडै निको पार्छ र हर्मोन, इन्जाइम्स र एन्टिबडी बनाउन निकै महत्वपूर्ण भूमिका खेल्छ।
- अंकुरित खाद्यमा एन्टिअक्सिडेन्ट तत्वहरू बढी मात्रामा पाइन्छन् जसले गर्दा फ्रिराडिकल्सको असरबाट हुने थुप्रै रोगबाट बच्छ सक्छौं।
- अंकुरित मेथीले मधुमेह र वाथ रोगमा फाइदा गर्छ।
- अंकुरित खाद्यहरूमा बिरूवामा पाइने फाइटोइस्ट्रोजिन भन्ने तत्व पाइन्छ जसले महिलाहरूमा महिनावारी रोकिएपछि हुने समस्याहरू जस्तै हड्डी कमजोर हुने, शरीर तात्ने, पसिना आउने, मन अनियन्त्रित हुने जस्ता महिनावारी हुनुभन्दा पहिला देखिने समस्याहरू र स्तन क्यान्सरलाई नियन्त्रण गर्दछ।
- यसमा कम क्यालोरी हुन्छ। नियमित सेवनले तौल घटाउन मद्दत गर्दछ।

खाद्यपदार्थ उमार्ने तरिका

सबैभन्दा पहिले राम्रो खालको अनाज, गेडागुडी वा तरकारीका बिउलाई राम्ररी धुनुपर्छ। त्यसपछि सफा र स्वच्छ पानीमा ६ देखि १२ घण्टासम्म भिजाएर राख्नुपर्छ। बाँकी रहेको पानी फाल्ने र पुनः एकपटक सफा पानीले धुने।

अब सफा र पातलो सुतीको कपडामा पोको पार्ने र घाम नलाग्ने अँध्यारो ठाउँमा झुन्डाएर राख्ने वा पोको नपारिकन घाम नलाग्ने अँध्यारो ठाउँमा त्यतिकै राख्ने। यसरी राखेको २४ घण्टादेखि ७२ घण्टाभित्र यी पदार्थ उम्रन्छन

उमार्न सकिने खाद्य तत्वहरू

अनाजः गहुँ

गेडागुडी रु मुङ्गको गेडा, चना, भटमास, बोडी आदि।

बिउ रु मेथीको दाना, ब्रोकाउली, बन्दागोभी, गाँजर, मुला, सलगम, चुकन्दर आदि।

अंकुरित अन्न र केही अनुसन्धानहरु

- अमेरिकामा १० हजार मानिसमा गरिएको एक सर्वेक्षणले अंकुरित मुङ हप्तामा ४ पटकभन्दा बढी खानाले मुटु रोग २२ प्रतिशतले कमी आउने देखाएको छ। त्यसैगरी नर्सहरूमा गरिएको अर्को सर्वेक्षणले हप्तामा ४ पटकभन्दा बढी खानाले आन्द्राको क्यान्सर हुने सम्भावना ३५ प्रतिशत कम हुने तथा पुनः दोहोरिने सम्भावना ६५ प्रतिशतले कम हुने देखाएको छ।
- अंकुरित मुङमा पाइने खाद्य रेसाहरूले पित्तलाई सोस्छ जसले गर्दा रगतमा कोलेस्टेरोलको मात्रा कम हुन मद्दत गर्दछ। यसमा ग्याँस बनाउने तत्वहरू कम मात्रामा हुन्छन् जसले गर्दा कुनै पनि पाचन प्रणाली सम्बन्धित रोगहरूमा यसलाई खान सकिन्छ।
- अंकुरित मुङमा भिटामिन 'सि र 'के प्रचुर मात्रामा पाइन्छ।
- अंकुरित ब्राउन राइस खाँदा मधुमेहमा फाइदा पुग्छ। यसबाट मुटु र रक्तनलीसम्बन्धी रोग लाग्ने सम्भावना कम हुन्छ। यस्तै, निरास तथा रिस जस्ता भावना कम हुन्छन् र थकान पनि चाँडै मेटिन्छ।
- अनाजहरू तथा गेडागुडी उमार्दा अमिनो एसिडहरू र बि ग्रुप भिटामिनहरू र सरल चिनीको मात्रा बढ्छ भने प्रोटिन र जटिल कार्बोहाइड्रेड सुपाच्य हुन्छन्।
- अंकुरित ब्रोकाउलीको बिउमा इसोथाइसाइनेट्स नामक तत्व पाइन्छ जसले मूत्रथैली, स्तन तथा पेटको क्यान्सर हुनबाट बचाउँछ।
- अंकरित ब्रोकाउलीको बिउ गर्भवतीले नियमित खाएमा बच्चाहरूलाई जीवनभर मुटु रोग नलाग्न सक्छ।
- फापरमा अंकुरित गर्न राखेको २४ घण्टापछि कलेजोमा बोसो जमेर हुने रोगहरूलाई निको पार्ने तत्वहरूको जन्म हुन्छ। यसमा रुटिन र क्युसर्टिन भन्ने तत्वहरूको पनि वृद्धि हुन्छ।
- अंकुरित केराउमा सुपाच्य खनिज तत्वहरू जिंक र म्याग्नेसियमको वृद्धि हुन्छ। यसका लागि केराउ ४ दिनसम्म उमार्नुपर्छ। जिंकले छाला र कपाल राम्रो बनाउँछ र साथै विर्यको गुणस्तरमा वृद्धि गर्दछ।



## तपाईंको यो साता

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): समय उत्तम खालको छ। आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति होला। शुभ समाचार सुन्नाले मन प्रशन्न रहला।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला। स्वास्थ्य सम्बन्धि समस्या नआउला भन्न सकिन्न। मन दोधार होला।**

**मिथुन (का,कि,कु,घ,ङ,छ,के,को,ह): मनमा चंचलता बढ्नेछ। आफन्तजनबाट सहयोग मिल्न कठिन होला। एकाग्र भएर काम गर्न मुस्किल पर्ला।**

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ। यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ। मन प्रफुल्ल रहला।**

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला। तपाईंको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन्।**

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला। काम गर्ने जांगर र आत्मबल बढ्ला। मनमा उत्साह र हिम्मत बढ्नेछ।**

**तुला (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला। शैक्षिक क्षेत्रभने मध्यम रहला। सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला।**

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन्। भेटघाटमा मन रमाउनेछ। खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन्।**

**धनु (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): समय मध्यम खालको छ। नयाँ र रमाइलो ठाउँको भ्रमण होला। सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला।**

**मकर (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): समय राम्रो छ। साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला। प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला।**

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द): मिष्ठान्न भोजन प्राप्त हुन सक्छ। पुराना साथीभाईहरुसित भेटघाट होला। व्यापार व्यवसायमा प्रगति होला।**

**मीन (दी,दू,थ,झ,ञ,दे,दो,च,ची): समय उत्तम खालको छ। तपाईंले गरेका कामको चौतर्फि प्रशंसा होला। माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ।**

# संविधान कार्यान्वयनमा चुनौती

**सन्तोष मेहता**

राजपा नेपाल हालै सरकारलाई संविधान संशोधन लगायतको विषयमा ज्ञापन पत्र बुझाएको छ। संविधान संशोधन मध्येको सीमांकन पुनः रेखांकन अति महत्वपूर्ण विषय हो। यसो हुन नसके द्वन्द्वको समाधान पनि हुन सक्तैन। के हो त हालका सीमांकन, बिकृत हुनुको चुरो र अर्को सीमांकन माग पछाडिको मनोविज्ञान ?

संसारमा हुने ठुलठूला शान्तिपूर्ण अहिंसात्मक आन्दोलन हारेको इतिहास बिरलै पाइन्छ। पाइए पनि तत्पश्चात् आन्दोलनको स्वरूप र डिमान्ड अझ र्‍याडिकल भएको र त्यसको परिणाम पनि अझ अनपेक्षित हुने गरेको पाइन्छ। नेपालमा पनि ऐतिहासिक मधेश/थरूहट आन्दोलन हारेको/दबाइको पश्चात् कतिपय व्यक्ति वा विशेषवर्ग खुसी भए होलान्, अब नेपालको राजनीतिक समस्या समाधान भए भनेर ठाने होलान्। तर त्यसो बुझ्नु ठूलो भुलमा फस्नु हुनेछ, मुलुकको अहितमा सोच्नु हुनेछ।

तत्कालीन मधेशी मोर्चाले संघर्षको कार्यक्रमहरू घोषणा गरे लगत्तै सत्तापक्षले पनि उक्त संघर्ष फितलो हुने गरी प्रतिसंघर्षका कार्यक्रमहरू गर्दै अन्ततः संसारमा विरलै भएको मधेशी(थारू जनताको शान्तिपूर्ण अहिंसात्मक संघर्षलाई बेवास्ता गरी लोकतन्त्रको सामान्य मूल्यमान्यताको समेत धज्जीया उडाइदिएको थियो। संसारमा कतै पनि आन्दोलनरत् जनताको प्रतिकारमा राज्यपक्ष यसरी क्रूर तरिकाले उभिएको थिएन होला।

राज्य पक्ष र आन्दोलनरत पक्ष विभाजन र तनावको मूल कारण बनेको थियो संघीयतामा सीमांकन र यसको निर्णय गर्ने आधार एव विधि। तर सत्तापक्ष जबर्जस्ती गणितकै गर्भबाट अस्वस्थ्य संविधान जन्माए, जसलाई गर्भमै सामान्य संशोधन समेत गर्नुपरेको थियो।

राजपा नेपाल अर्थात तत्कालीन मधेशी मोर्चालगायत पहिचानवादी दलहरूसँग विगतमा भएका सम्झौता अनुरूप एवं अन्तरिम संविधानको भावनाअनुरूप सहमतिको गर्भबाट मात्र स्वस्थ संविधान जन्मिन सक्ने अवस्था प्रशस्त हुँदाहुँदै पनि अपाङ्ग, अस्वस्थ संविधान जबरजस्ती मधेशी, आदिवासी जनजाति, थारू, मुस्लिम, महिला, दलित उपर लादेका छन्। तनावको चुरो यहि हो। संविधान प्रतिको अपनत्व एव स्वामित्व नहुनु पछाडि संविधानसभाको प्रमुख स्टेकहोल्डर तत्कालीन मोर्चालाई संविधान निर्माण प्रक्रियामा समेत सामेल नगराइनु त हुँदै हो, पहिचानवादी तथा मधेशको पक्षमा कन्टेन्ट पनि नहुनु हो। वास्तवमा यस्तो परिस्थितिको असली चुरो के त विश्लेषण आवश्यक छ।

क. राजनीतिक टकरावको चुरो :

नेपालमा करिब एक सय २५ जातजाति र भाषाभाषी भए पनि मूलतः तिनीहरूलाई चार वटा प्रजातीय समूहमा विभाजित गर्न सकिन्छ। ती हुन् पहाडी (खस) आर्य, मैदानी आर्य(अनार्य, पहाडी तिब्बती(वर्मेली एवम् किराँत(मङ्गोल र मैदानी अष्ट्रो(डूविड।

भौगोलिक रूपले हिमाल, पहाड र तराई तीनवटा भौगोलिक क्षेत्रमा पनि हावापानी, वातावरणले गर्दा फरक(फरक संस्कृतिको निर्माण हुन गएको छ। जसले उल्लेखित चारवटै प्रजातिको आ(आफ्नै साझा पहिचान पनि स्थापित गरेको छ।

जस्तो पहाडी तिब्बती(वर्मेली एवम् किराँत(मङ्गोलहरूको साझा पहिचान आदिवासी जनजातिको रूपमा स्थापित छ। पहाडी आर्यको (खस) नेपालीको रूपमा पहिचान बनेको छ। मैदानी आर्य(अनार्य (अष्ट्रो(डूविड र तराई जनजाति तर धेरै मात्रामा आर्य र अनार्यहरूबीच घुमिल भइसकेको) को तराईली(मधेशीको रूपमा परिचय बनेको छ।

जनसंख्याको हिसाबले पनि तराईली(मधेशीको जनसंख्या ३१.७०५, पहाडी हिमाली जनजातिको २८.५५ र दलित बाहेक खस आर्यको ३०.८९५ रहेको छ। तीनवटै पहिचान समूहको जनसंख्या बीच पनि ठूलो भिन्नता छैन।

बाहुल्य, बर्चस्व र आधार भूमिको हिसाबले पनि तीनवटै पहिचान समूहको आ(आफ्नै भूगोल कायम छ।

जस्तै तराइली(मधेशीको भूगोल तराई(मधेश क्षेत्र हो। पहाडी आदिवासी जनजातिको भुगोल पूर्वी र मध्यपहाडी तथा हिमाली क्षेत्र हो। खस नेपालीको आधारभूमि एवम् भूगोल पश्चिम पहाड हो। आ(आफ्नो भूगोलमा संस्कृति, मनोविज्ञान, अर्थतन्त्र, इतिहास, पीडा लगायतमा यिनीहरू बीच समानता छ।

राष्ट्रियतासम्बन्धि विश्वव्यापी परिभाषाअनुसार यसरी समरूप वा साझा भूगोल, भाषा, अर्थतन्त्र, मनोविज्ञान आदी भएको जाति, समुदाय र जनजातिहरू साझा रूपमा राष्ट्र (नेशन) हो। र, तिनीहरूको भावना नै राष्ट्रियता हो। यही परिभाषाअनुसार नेपाल बहुराष्ट्रियता भएको मुलुक पनि हो।

यसको अर्थ नेपालमा मुख्यतः तीन प्रकारको राष्ट्रियताको विकास भएको छ। पहाडी आदीवासी जनजातिले विकास गरेको जनजातिवाद, पहाडी आर्यहरूद्वारा विकसित नेपालीवाद र तराई(थरूहट मधेशमा विकसित तराईली(मधेशवाद। मुख्यरूपमा भूगोल र सामुदायिक उत्पीडनको पीडाबाट जन्मिएको तराईली(मधेशवाद, जातीय उत्पीडनबाट जन्मिएको जनजातिवाद र राज्यको संरक्षणबाट पैदा भएको नेपालीवादको उत्पतिको स्रोत एवं आधार नै बेग्ला(बेग्लै छन्।

काँग्रेस, कम्युनिस्टले अटाहत बिनातर्क सक्दो थोरै, कुनै एउटा उत्पीडित पहिचानको बाहुल्य नहुने गरी वा पहिचानलाई पूर्णरूपमा बेवास्ता गरी प्रदेश बनाउने मानसिकताबाट प्रेरित भई सीमांकन रेखा कोरे। राजपा नेपाल, फोरम अझै पनि १० प्रदेशसहितको समग्र मधेश दुई प्रदेशको अडानमा कायमै रहेको अवस्था छ।

आदिवासी जनजाति महासंघ तथा यसै आधारमा बनेका पार्टीहरू जातीय राज्यकै वकालत गरिरहेका छन्। यस पछाडीको मनोविज्ञान पनि माथी उल्लेखित तीन वटा अलग(अलग राष्ट्रियवाद नै हो। अतः सामाजिक समूह मात्र होइन राजनीतिक दलहरूले पनि यसैलाई पछ्याइरहेका छन्।

प्रादेशिक सीमांकनमा सबैभन्दा विवादित रहेको क्षेत्र झापा, मोरङ्ग, सुनसरी पहाडसँग रहनुपरेको कारण पनि ओली र कृष्ण सिटौलाहरूको नेतृत्वदायी अडान त्यसैगरी कैलाली, कन्चनपुर प्रति शेरबहादुर देउवाहरूको अडान तथा यी क्षेत्रहरू मधेश(थरूहटमै रहनुपर्ने मधेशवादीको अडान फरक(फरक तीन राष्ट्रियता मनोविज्ञानको दह्रो प्रमाणहरू हुन्।

झापा, मोरङ, सुनसरी तथा कैलाली, कञ्चनपुरको रैथाने मधेशी(थारू एवम् तराईली जनजाति भए पनि झापा, मोरङ, सुनसरीमा खस बाहुन कैलाली, कञ्चनपुरमा खस क्षेत्रीको बाहुल्यता छ।

मूलतः नेपाली कांग्रेसमा क्षेत्री जातिको प्रभाव, एमालेमा पहाडी बाहुनहरूको प्रभाव रहेको हुँदा उनीहरू यति ठूलो मधेश आन्दोलनलाई समेत बेवास्ता गरी यी पाँचवटा जिल्लाको पुनः सीमांकन गर्न तयार भएनन् र मधेशवादी दलहरू सीमांकनको अडान छाड्न पनि तयार भएनन्। अन्ततः लामो मधेश(थरूहट आन्दोलन त्यतिकै तुहिएर गयो। सारमा नेपालको राजनैतिक टकरावको चुरो तीन वटा पहिचान बीचको टकराव, द्वन्द्व र समन्वय नै हो।

संघीयता किन आवश्यक भयो यो अर्को मुख्य प्रश्न हो। एकात्मक देशहरू संघीयतामा तीन कारणले गएका देखिन्छन्। विकास, बहुलता वा विद्रोहलाई सम्बोधन गर्न उनीहरू संघीयतामा गएको देखिन्छ। केन्द्रिकृत प्रणालीबाट विकास कार्य कठिनाई भएको अवस्थामा अपनाईएको संघीयता प्रशासनिक संघीयता हो।

जुन विकेन्द्रिकरणतिर लक्षित हुन्छ। बाहुलतालाई सम्बोधन गर्न अपनाईएको संघीयता पहिचान सहितको संघीयता हो। जुन बहुलताको व्यवस्थापनतिर लक्षित हुन्छ। जातीय, समुदायिक एवं औपनिवेशिक उत्पीडन तथा नश्ल लगायतमा आधारित गृहयुद्ध वा विद्रोह आदिलाई सम्बोधन गर्न अपनाइएको संघीयता 'इथिनिक' संघीयता हो।

जुन अलगाव वा स्वतन्त्रतातिर लक्षित हुन्छ। सुरूवातमा मधेशवादी दल र आदिवासी जनजातिहरू इथिनिक संघीयताको बहसमा गएको पनि देखियो। वास्तविकता त के हो भने मधेशी जनता औपनिवेशिक उत्पीडन विरूद्ध विद्रोह नै गरेका हुन्।

तर मधेशवादी मुद्दाको नेतृत्व गरिरहेका मूलधारका मधेशी मोर्चा आबद्ध दलहरू पहिचानसहितको संघीयतामा सहमत भइसकेका थिए। जुन विविधता एवं बहुलतालाई सम्बोधन गरी व्यवस्थापनतिर लक्षित रहेको थियो। तर अन्ततः काँग्रेस, कम्युनिस्ट प्रशासनिक संघीयताकै पक्षमा रहेयो। अझै पनि वार्ता र सहमतिमा रहेको सकसको प्रमुख कारण यही हो।

ख. निकासको प्रस्तावः

विगतको संविधानसभामा यी विषयहरूमा धेरै छलफल गरिएकै हो। प्रमुख राजनीतिक दलहरूबीच पनि अनेकौं छलफल, निष्कर्ष र सहमतिहरू भएकै थिए। मधेश, आदिवासी जनजाति लगायतका आन्दोलनसँग भएको सहमतिमा र विगतको संविधानसभाले संघीयतालाई पहिचानसँग जोडिएको प्रष्ट देखिन्छ।

पहिचान भन्नाले मूलतः माथी उल्लेखित गरिएका तीनवटा प्रमुख पहिचान नै हुन्। तसर्थ, राज्य सफल हुन चाहन्छ भने अबिलम्ब सर्वदलीय सर्वपक्षीय बैठक बोलाइ सीमांकनको विषयमा पुनः बेलैमा छलफल गरेको वेश हुनेछ। यसका लागि दुइटा विकल्पमा छलफल गर्दा राम्रो हुन्छ। एउटा : जस्तो भेरी, कर्णाली, सेती तथा महाकाली नदीको जलाधार क्षेत्र अर्थात सुदूरपश्चिम तथा पश्चिमाञ्चल पहाडका केही जिल्लाहरू सम्मिलित एउटा प्रदेश बने ७०% भन्दा वढी खस वाहुल्य प्रदेश नं. १ हुनेछ। त्यसैगरी कोसी गण्डकी जलाधार क्षेत्र अर्थात पूर्वी एवं मध्यपहाडका जिल्लाहरू सम्मिलित अर्को प्रदेश बने ६६% भन्दा बढी आदिवासी जनजाति बाहुल्य प्रदेश न ३ हुनेछ।

तराई(मधेशमा थारू वा गैरथारू यहाँका २० जिल्लामा छरिएर बसोबास गरेको अवस्था छ। तराई(मधेशमा रहने सम्पूर्ण जाति जनजातिको उत्तर(दक्षिण प्रदेशको मनोविज्ञान नभएर पूर्व(पश्चिम प्रदेश बनाउने मनोविज्ञान रहेको छ।

कृषिमा आधारित नेपालको तराई(मधेशको जीवनको रूपमा रहेको कतिपय जिल्लाको चुरे क्षेत्रसहित मैदानी भाग सम्मिलित एउटा प्रदेश ७०% भन्दा बढी तराईली(मधेशी बाहुल्य प्रदेश नं. ३ हुन सक्नेछ।

जनसंख्याको हिसाबले कुनै प्रदेश अत्यन्त सानो वा ठूलो पनि हुने छैन। यसरी पहिचान र सामर्थ्यको सम्बोधन हुनेगरी नेपाललाई तत्काल तीन प्रदेशमा विभाजन गरी सहमति गर्नु सबैभन्दा उत्तम विकल्प हो। यसो गर्दा विगतमा भएको मधेशी, थारू, आदिवासी जनजाति आन्दोलनको भावनाअनुरूप अन्तरिम संविधानको धारा १३८ (१क) अनुकुल मधेशी तथा आदिवासी जनजातिको चाहना अनुरूपको स्वायत्त प्रदेशहरू पनि हुने छ।

संघीय राज्य कुनै एउटा पुस्ताको विचारले मात्र निर्धारण हुने विषय होइन। समाजको सामाजिक, आर्थिक स्थितिमा आउने परिवर्तन र राजनीतिक मूल्यको विकाससँगै प्रत्येक पछिल्लो पुस्ताले नयाँ सवालको रूपमा पूनर्मूल्यांकन गरिरहन्छन्। त्यसैले यो निरन्तरको प्रक्रिया हो।

त्यसैले सुरूवातमा कम प्रदेश बनाएर बढीभन्दा बढी जनमनोकांक्षा पुरा गर्ने विधि अपनाउनु श्रेयकर हुनेछ। भविष्यमा के गर्ने अर्को पुस्ताले निर्णय गर्ने छ। त्यसो गर्न नसके दोस्रो सबैभन्दा श्रेष्यकर उपाय राज्य पुन संरचना उच्चस्तरीय आयोगले सुझाएको प्रतिवेदनअनुसार दस प्लस एक प्रदेशको ढाचामा जानुको बिकल्प छैन। विचार गर्नुपर्ने कुरा के भने आदिवासी जनजाति र मधेशीलाई बेवास्ता गरी निर्माण भएको संविधानको कार्यान्वयन सहज छैन।

त्यसैगरी, केवल मधेशी वा आदिवासी जनजातिको चाहनाअनुरूप मात्रै समग्रमा नेपालको संरचनायुक्त संविधान सम्भव छैन। समग्रमा तीनै प्रकारको राष्ट्रियताहरूबीचको एकता र यिनीहरूको मनोविज्ञान अनुरूपको संघीयतामा सीमांकन भए मात्र राजनीतिक स्थिरता र संविधान कार्यान्वयनको अवस्था रहन्छ। राजनीतिक रूपमा काँग्रेस, कम्युनिस्ट र राजपा फोरम बीचको सहमति गर्नु भनेको सामाजिक रूपमा मधेशी जनजाति र खसहरू बीच सहमति गर्नु पनि हो। त्यसो गरे मात्र हामी नेपाल बनाउन सक्छौं।

समयमै यी शक्तिहरू बिच सहमति हुन नसके राजपा फोरम र कम्युनिस्ट बाहेकका सिके बिप्लब जस्ता उग्र शक्तिहरू सहमति प्रक्रियाभन्दा बाहिर त छँदैछन्। तसर्थ राजपालाइ असफल बनाउने कोसिस भए सीके राउतको राजनीति सफल हुन सक्छ। कम्युनिस्टको सरकार असफल भए विप्लवको राजनीति सफल हुन सक्छ।

यो दुवै अवस्थामा नेपालको हित र स्वार्थको रक्षा हुन त सक्दैसक्दैन। तसर्थ राजपा नेपाललाई अझै मुलधार बाहिर धकेल्नु भनेको दलहरूको असफलता मात्र नभई मुलुककै समेत असफलता कहलिने छ।

बाहुलतालाई स्वीकार गरी त्यसलाई व्यवस्थापन गर्ने कि अस्वीकार गरी सबै सँगै समाप्त हुने, चोइस हाम्रै हातमा छ।

## मधेश प्रहरीमा तीन हजार युवालाई रोजगारी

सप्तरी / प्रदेश नम्बर २ का भुमी व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले केही दिनमै गठन हुन लागेको मधेश प्रहरीमा करिब तीन हजार मधेशी यूवाले रोजगारी पाउने बताएका छन् ।

संघीय समाजवादी फोरम, नेपालका लौनियाँ कमिटिद्वारा सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका वडा नम्बर २ लौनियाँमा मङ्गलवार आयोजना गरिएको शुभकामना आदान-प्रदान कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् । कर्मचारी अभावका कारण प्रदेश २ मा विकास निर्माणका काम अघि बढ्न नसकेको मन्त्री साहले बताए ।

प्रदेशलाई व्यवस्थित गर्न ५ हजार कर्मचारीको आवश्यकता भएको तर संघीय सरकारले कर्मचारी नपाएकोमा गुनासो गर्दै उनले भने 'प्रदेशलाई असफल पार्न संघीय सरकारले कर्मचारी पठाउन ढिलाई गरिरहेको छ, तर प्रदेश सरकार कर्मचारी भर्ना गरेर भए पनि अगाडि बढ्छ ।' प्रदेश सरकारले करार ऐन ल्याउन लागेको बताउँदै आवश्यकता अनुसार सचिवदेखि पालेसम्म प्रदेश सरकारले नै नियुक्ति गर्ने मन्त्री साहले बताए ।

अधिकार प्राप्तिका लागी बलिदानी दिएका शहिदहरुको सहादताई स्मरण गर्दै अधिकार र विकास निर्माणका कामलाई सँगसँगै लिएर अगाडि बढनु पर्नेमा उनले जोड दिए । नेपाल कृषि प्रधान देश भए पनि सरकारले कृषिलाई अहिलेसम्म पनि प्राथमिकता नदिएको भन्दै प्रदेश नम्बर २ का सरकारले नीति तथा कार्यक्रम र बजेटको प्राथमिकतामा कृषिलाई राखेको जानकारी दिए । सिंचाई योजना अन्तर्गत लौनियाँमा ८० लाखको लगानीमा हुने 'डिप बोर्रिङ्ग दिने प्रतिवद्धता समेत मन्त्री साहले व्यक्त गरे । आफ्नै कार्यकालमा हरेकको खेतमा पानी, हरेक बिजुली उपलब्ध गराउने उनले प्रतिवद्धता जनाए । सिंचाई अभावका कारण मानवले खाने आहारा पशुलाई खुवाउनुपर्ने बाध्यता भएकोले सिंचाईको व्यवस्था गर्ने समेत प्रतिवद्धता व्यक्त गरे ।

## विवाह पंचमी महोत्सव गर्न प्रदेश सरकारले ५० लाख दिने

**जनता सम्वाददाता**

जनकपुरधाम / रामजानकी विवाह पंचमी महोत्सव भव्यताका साथ मनाउन प्रदेश सरकारले ५० लाख दिने निर्णय गरेको छ ।

शुक्रवार सम्पन्न मन्त्री परिषद्को बैठकले हिन्दुहरुको महान उत्सवलाई प्राथमिकतामा राख्दै उक्त निर्णय गरेको हो । प्रदेश सरकारले जनकपुर चुरोट कारखानाको परिसरमा रहेको प्रदेश सरकारको सचिवालयका मधेश भवन नामाकरण गरेको छ । एक महिना भित्र आवश्यक कर्मचारी पठाउन संघीय सरकारलाई आग्रह गरेको छ ।

मन्त्रीपरिषद्को बैठकले प्रदेश सरकार तयार पारेको कर्मचारी संगठनात्मक संरचना (ओएनएम)अनुसारको कर्मचारी एक महिनाभित्र पठाउन संघीय सरकारलाई आग्रह गर्ने निर्णय गरेको छ । एक महिनाभित्र संघीय सरकारले आवश्यक कर्मचारी नपठाए प्रदेश सरकारले आफै व्यवस्था गर्ने निर्णय समेत मन्त्री परिषदको बैठकले गरेको छ ।


दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरुः

यहाँ हरेक किसिमका बिरामीहरूको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

बिशेषज्ञ डाक्टर

डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग

डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग

डा. बरुण देव, नाक-कान तथा घाटी रोग बिशेषज्ञ




जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा-१,पारुहाङ्चौक,फत्तेपुर, फोन नं ०३१-५५००५०

बेलका नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरूवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं ।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरू समयमै वुझाई नगरको विकासमा सहयोग पुर्‍याऔ ।
– आफना चौपायहरू जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरूको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

बेलका नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर

सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज,LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ । मौकाको फाईदा उठाउनु होला ।

प्रो.केदार श्रेष्ठ
माता मनकामना इन्टरप्राइजेज
सप्तकोसी नपा-१, फत्तेपुर
०३१-५५०१०६,
९८०७७७३८९१,
९८५२८२१२९१




IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि ।

खुशीको खवर ! खुशीको खवर !!

अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरूद्वारा स्वास्थ्य परिक्षण हुने । निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

हाम्रो सेवाहरू

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ र

सम्पर्क स्थान

N/C/ Bose (बंगाली निज निवास) त्रियूगा पुल नजिक
सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोटः आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।




Complete Mobile & Computer Concern



extra easy zone for excellent service in electrics, education & entertainment

Saptakoshi Nagarpalika 1, Fattepur, Saptari

031-550014, 3dezone@gmail.com

